श्री

**उच्च अदालत जनकपुर**

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री खेम राज भट्ट

फैसला

निर्णय नं.-४५१

मुद्दा नं.-०८०-DP-०७९८

रजिष्ट्रेशन नः-३६-०७८-०६३२२

**मुद्दाः- अंश दर्ता**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.८ मा वस्ने सुचित प्रसाद साहको छोरा मुन्ना प्रसाद साह......................................................१ — पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.८ मा वस्ने स्व.भोला प्रसाद साहको छोरा सुचित प्रसाद साह...................................................१

ऐ वस्ने स्व.भोला प्रसाद साहको छोरा श्रीराम प्रसाद साह. .........................१

ऐ वस्ने सुचित प्रसाद साहको श्रीमती उगना देवी......................................१

ऐ वस्ने श्रीराम प्रसाद साहको श्रीमती शोभा कुमारी..................................१

ऐ वस्ने सुचित प्रसाद साहको छोरा रितेश कुमार साह................................१

ऐ वस्ने सुचित प्रसाद साहको छोरा प्रकाश कुमार साह...............................१

ऐ वस्ने श्रीराम प्रसाद साहको छोरा श्रीयान्सु प्रसाद गुप्ता............................१

ऐ वस्ने श्रीराम प्रसाद साहको छोरा सोनु प्रसाद गुप्ता..................................१

— प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री चित्रबहादुर गुरुङ्ग |
| शुरु फैसला मिति | २०८०।११।१३ |
| शुरू मुद्दा नम्बर | ०७८-CP-३१६७ |
| पुनरावेदन दर्ता मिति | २०८१।०१।१२ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः**

## तथ्य खण्डः

१. **मिति २०७९।१।२५ को फिरादपत्र;-** मुल पुरुष भोला प्रसाद साहको पत्नी झरी देवी हुन। निजहरुको सन्तान सुचित प्रसाद साह र श्रीराम प्रसाद साह हुन। श्रीराम प्रसाद साहको पत्नी सोभा कुमारी हुन। निजहरुको सन्तान श्रीयान्सु प्रसाद गुप्ता र सोनु प्रसाद गुप्ता हुन। सुचित प्रसाद साहको पत्नी उगना देवी हुन र निजहरुको सन्तान मुन्ना प्रसाद साह, रितेस कुमार साह, प्रकाश कुमार साह हुन। मुन्ना प्रसाद साहको पत्नी श्रीजना कुमारी शाह हुन। भोला प्रसाद साह र झरी देवीको मृत्यु भईसकेको छ। हामी वाँकी वादी प्रतिवादीहरु एकासगोलमा रहेका र अंशवण्डा भएको छैन। म वादीको अंश भाग माग गर्दा प्रतिवादीहरुले दिन इन्कार गर्नु भएकोले फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी सगोलको वण्डा गर्नुपर्ने सम्पत्ति र ऋणधनको फाँटवारी लिई सम्पुर्ण सम्पत्तिलाई २ भागको १ भाग, उक्त १ भागबाट ५ भागको १ भाग म वादीको नाममा छुट्याई दर्ता गरी चलन समेत चलाई पाउँ।

२. **प्रतिवादी श्रीराम प्रसाद साह, सोभा कुमारी, श्रीयान्सु प्रसाद गुप्ता र सोनु प्रसाद गुप्ताको मिति -२०७९।३।१७ को संयुक्त प्रतिउत्तरपत्र;-** हामी वादी प्रतिवादीको मुख्य व्यवसाय पुस्तक खरिद विक्री गर्ने हो। सो व्यापार वाहेक हाम्रो अरु कुनै आम्दानीको स्रोत छैन। हामी सबै अंशियार सगोलमा छौं। हाम्रो विच अंशवण्डा भएको छैन। उक्त व्यवसायवाट हामीले संयुक्त रुपमा जेथा जोडेका छौं। उक्त पुस्तक पसल सृजना कुमारी साहको नाउँमा दर्ता रहेको छ। हामीले संयुक्त रुपमा सम्पत्ति जोडे पनि विपक्षीहरुले सो सम्पत्ति एकलौटी हत्याउने प्रयास गर्दा म श्रीराम प्रसाद साहले यसै अदालतमा मुद्दा नं.०७८-CP-३४७८ को अंशदर्ता मुद्दा दिई हाल कार्यवाहीयुक्त अवस्थामा छ। सम्पत्तिको फाँटवारी माग गरी सगोलको ऋण धन बराबरी हुने गरी अंश छुट्याई पाउँ।

३. **प्रतिवादी सुचित प्रसाद साहको मिति -२०७९।३।३० को प्रतिउत्तरपत्र-** फिराद दाबिको वंशावली ठिक छ। वादी मिति २०७०।१०।६ गतेदेखि नै चुलो मानो छुटिएर बसेकोले सोही मितिलाई मानो छुटिएको मिति कायम गरी सगोलको ऋण सगोलको सम्पत्तिवाट चुक्ता हुने गरी कानुन बमोजिम अंशवण्डा भएमा मेरो मन्जुरी छ।

४. **सम्पत्ति र ऋण धनको फाँटवारी लिने तथा प्रमाण बुझ्ने मिति -२०८०।१।१३ को आदेश;-** वादी प्रतिवादीबाट फिराद परेको अघिल्लो दिनसम्मको अंशबण्डा गर्नुपर्ने सम्पुर्ण चल, अचल श्री सम्पत्तिको फाँटवारी लिनु।

५. **प्रतिवादीहरु श्रीराम प्रसाद साह, सोभा कुमारी, श्रीयान्सु प्रसाद गुप्ता र सोनु प्रसाद गुप्ताको संयुक्त सम्पत्ति र ऋणधनको मिति -२०८०।२।१४ को फाँटवारी ;-** सगोलको सम्पत्ति र ऋणधन तथा निजि आर्जनको सम्पत्तिको फाँटवारी देहाय बमोजिम छ। दवाए छपाएको ठहरे कानून बमोजिम भएमा मंजुर छ।

| दर्तावाला | जिल्ला | स्थानीय तह | वडा नं. | सिट नं. | कि.नं. |
|---|---|---|---|---|---|
| सुचित प्रसाद साह | धनुषा | जनकपुर | ८ | १३५५-११ | २२३ घर |
| सुचित प्रसाद साह | धनुषा | जनकपुर | ८ | १३५५-११ | १९६ |
| श्रीजना कुमारी साह र शोभा कुमारी | धनुषा | जनकपुर | २ | १३५६-२१ | २९० |

| | | | | | |
|---|---|---|---|---|---|
| रितेश कुमार साह र श्रीयान्सु प्रसाद गुप्ता | धनुषा | जनकपुर | १ | १३५६-२२ | ८ |
| मुन्ना प्रसाद साह | धनुषा | बसपिट्टी | १ | | १३७८ |
| रितेश कुमार साह | ललितपुर | धापाखेल | १क | | ४०१३ |
| श्रीयान्सु प्रसाद गुप्ता | ललितपुर | धापाखेल | १क | | ४०६९ |
| शोभा कुमारी | धनुषा | जनकपुर | ८ | १३५५-११ | ११३ घर |
| | धनुषा | जनकपुर | ८ | १३५४-१५ | ४२ |
| श्रीराम प्रसाद साह | धनुषा | जनकपुर | २ | १३५६-२२ | १९५ |
| श्रीयान्सु प्रसाद गुप्ताको नाउँमा दर्ता रहेको BA-6 CHA-871 टाटा जिप | | | | | |
| सुचित कुमार साहको नाउँमा रहेको भानु पुस्तक भण्डार र सोमा स्टक रहेको पुस्तक | | | | | |
| सोभा कुमारीको नाउँमा रहेको वैदेही पुस्तक भण्डार र सोमा स्टक रहेको पुस्तक | | | | | |
| सृजना कुमारीको नाउँमा ज्ञान गंगा एजुकेशन कम्प्लेक्स र सोमा रहेको स्टक पुस्तक | | | | | |
| शोभा कुमारीको नाउँको एभरेष्ट वैंकको जनकपुरवाट पुस्तक व्यवसाय गर्न लिएको ऋण रू.५०,००,०००।- | | | | | |

६. **प्रतिवादी सुचित प्रसाद साहले मिति -२०८०।२।१४मा पेश गरेको सम्पत्ति र ऋणधनको फाँटवारी ;-** सगोलको वण्डा गर्नु पर्ने सम्पत्ति र ऋणधनको फाँटवारी पेश गरेको छु। दवाए छपाएको छैन। मुद्दा नं. ०७८-CP-३४७८ को अंश दर्ता मुद्दामा समेत यसै बमोजिम गरी पाउँ।

| दर्तावाला | जिल्ला | स्थानीय तह | वडा नं. | सिट नं. | कि.नं. |
|---|---|---|---|---|---|
| सुचित प्रसाद साह | धनुषा | जनकपुर | ८ | १३५५-११ | २२३ घर |
| सुचित प्रसाद साह | धनुषा | जनकपुर | ८ | १३५५-११ | १९६ |
| श्रीजना कुमारी साह र शोभा कुमारी | धनुषा | जनकपुर | २ | १३५६-२१ | २९० |
| रितेश कुमार साह र श्रीयान्सु प्रसाद गुप्ता | धनुषा | जनकपुर | १ | १३५६-२२ | ८ घर |
| मुन्ना प्रसाद साह | धनुषा | बसपिट्टी | १ | | १३७८ |
| रितेश कुमार साह | ललितपुर | धापाखेल | १क | | ४०१३ |
| श्रीयान्सु प्रसाद गुप्ता | ललितपुर | धापाखेल | १क | | ४०६९ |
| शोभा कुमारी | धनुषा | जनकपुर | ८ | १३५५-११ | ११३ |
| | धनुषा | जनकपुर | ८ | १३५४-१५ | ४२ |
| | धनुषा | जनकपुर | २ | १३५६-२१ | ४१५ |
| श्रीराम प्रसाद साह | धनुषा | जनकपुर | २ | १३५६-२२ | १९५ |
| श्रीयान्सु प्रसाद गुप्ताको नाउँमा दर्ता रहेको BA-6 CHA-871 टाटा जिप | | | | | |
| श्रीराम प्रसाद साहले सञ्चालन गरेको भानु पुस्तकको सरसमान खरिद गर्दा बक्यौता तिर्न बाँकी रहेको रु.७१,२९,५९९।- | | | | | |
| शम्भु भन्ने भारतेन्दु प्रसाद साहवाट लिएको ऋण रु.६०,००,०००।- | | | | | |
| राजिव अधिकारीसँग लिएको ऋण रु.४०,००,०००।- | | | | | |
| एभरेष्ट बैंकवाट लिएको ऋण साँवा रु.१,६०,००,०००।- | | | | | |
| एस. वि.आई. वैंकवाट लिएको ऋण साँवा रु.२२,००,०००।- | | | | | |

| |
|---|
| सुमिन्त्रा कार्कीसँग लिएको वैना रकम रु.६०,००,०००।- |

७. **वादी मुन्ना प्रसाद साहले मिति २०८०।२।१४मा पेश गरेको फाँटवारी;-** सगोलको वण्डा गर्नु पर्ने सम्पत्ति र ऋणधनको फाँटवारी पेश गरेको छु। दवाए छपाएको छैन। मुद्दा नं.०७८-CP-३४७८ को अंश दर्ता मुद्दामा समेत यसै बमोजिम गरी पाउँ।

| दर्तावाला | जिल्ला | स्थानीय तह | वडा नं. | सिट नं. | कि.नं. |
|---|---|---|---|---|---|
| श्रीजना कुमारी साह र शोभा कुमारी | धनुषा | जनकपुर | २ | १३५६-२१ | २९० |
| शोभा कुमारी | धनुषा | जनकपुर | ८ | १३५५-११ | ११३ |
| | धनुषा | जनकपुर | ८ | १३५४-१५ | ४२ |
| | धनुषा | जनकपुर | २ | १३५६-२१ | ४१५ |
| सीमा गुप्ता | धनुषा | जनकपुर | ८ | १३५५-११ | २६० |
| | धनुषा | जनकपुर | ८ | १३५५-११ | ३१२ |
| श्रीयान्सु प्रसाद गुप्ता | ललितपुर | धापाखेल | १क | | ४०६९ |
| श्रीराम प्रसाद साह | धनुषा | जनकपुर | २ | १३५६-२२ | १९५ |
| सुचित प्रसाद साह | धनुषा | जनकपुर | ८ | १३५५-११ | २२३ घर |
| | धनुषा | जनकपुर | २ | १३५६-२२ | १९६ |
| रितेश कुमार साह | ललितपुर | धापाखेल | १क | | ४०१३ |
| रितेश कुमार साह र श्रीयान्सु प्रसाद गुप्ता | धनुषा | जनकपुर | १ | १३५६-२२ | ८ घर |
| मुन्ना प्रसाद साह | धनुषा | बसपिट्टी | १ | | १३७८ |
| श्रीयान्सु प्रसाद गुप्ताको नाउँमा दर्ता रहेको बा-९-च-८७१ को जिप | | | | | |
| सृजना कुमारी साह प्रोपराईटर रहेको पुस्तक पसलको अडिटिङ्ग समेतवाट रु.४६,५५,५०६।- तिर्न बुझाउन बाँकी रहेको रकम। | | | | | |
| सुरज कुमार साहसँग लिएको ऋण रु.४०,००,०००।- | | | | | |
| एभरेष्ट बैंकवाट लिएको ऋण सावाँ रु.१६,०००,०००।- | | | | | |
| एस.आई.बि. वैंकवाट रु.२२,००,०००।- | | | | | |

८. **अदालती शुल्कको सुविधा प्रदानको आदेश (मिति -२०८०।९।६);-** वादीबाट नपुग अदालती शुल्क पुरै पछि लिने गरी हाललाई प्रस्तुत मुद्दाको कारवाही गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ को उपदफा (१) बमोजिम सुबिधा प्रदान गरी दिएको छ।

९. **प्रमाण मिसिल तथा कागजातहरुः-**प्रस्तुत मुद्दा र लगाउको मुद्दामा देहाय बमोजिमको मिसिल कागजातहरु प्रमाणमा पेश हुन आएको देखिन्छ।

- ❖ भूमिसुधार तथा मालपोत कार्यालयहरुबाट प्राप्त वादी र प्रतिवादीहरुको नाममा रहेको जग्गाधनी दर्तास्रेस्ताको प्रतिलिपिहरु।
- ❖ एभरेष्ट बैंक र एस.आई.बि. वैंकबाट ऋणकर्जा सम्बन्धमा प्राप्त पत्रहरु।
- ❖ दिने श्रीजना कुमारी साह र लिने पुष्पा कुमारी साह भएको मिति २०७९।५।२ गते पारित राजिनामाको भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाबाट प्राप्त प्रतिलिपि।

- ❖ भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाबाट पुष्पा कुमारी साहको नामको कि.नं.१३७ को जग्गाधनी दर्तास्रेस्ताको प्रतिलिपि।
- ❖ मुन्ना प्रसाद साह समेतले र लिने नमिता कर्ण भएको मिति २०७८।८।२१ गते पारित राजिनामाको भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाबाट प्राप्त प्रतिलिपि।
- ❖ भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाबाट नमिता कर्णको नामको कि.नं.४०२ को जग्गाधनी दर्तास्रेस्ताको प्रतिलिपि।

१०. **सुरु अदालतको फैसलाः-** वादी र प्रतिवादीले पेश गरेका सम्पत्ति र ऋण धनको फाँटवारीमा उल्लेखित कि.नं.२९०, ११३,४२, ४१५, २६०, १२, १९५, २२३, १९६, ८, ४०१३, ४०६९,१३७८ को जग्गा जमिन तथा सो जग्गा जमिनमा रहेको घर लगायतको भौतिक संरचनाहरु र बा-९-च-८७१ को सवारी साधन समेत सगोलको सम्पत्ति देखिदा मोठ लगायत जग्गाधनी दर्ताश्रेस्तामा मिले भिडेमा रोक्का रहे भएको सम्पत्ति फुकुवा भएपश्चात् वादीले २ भागको १ भाग, उक्त १ बाट ५ भागको १ भाग तपसिलमा उल्लेख भए बमोजिम अंश पाउने ठहर्छ भन्ने सुरु अदालतको फैसला।

११. **वादी मुन्ना प्रसाद साहको पुनरावेदनपत्रः-** मेरो नाउँमा दर्ता रहेको कि.नं.१३७८ को जग्गा पैतृक सम्पत्ति अर्थात पिता पुर्खा पालाको सम्पत्ति रहेको अवस्था छैन। मैले स्वआर्जनबाट तथा केही ऋण कर्जा लिई खरिद गरेको सम्पत्ति रहेको छ। धितोबन्धकी रोक्का सम्बन्धमा फुकुवा गर्ने दायित्व सम्बन्धमा विवाद परेमा सोही बखत निर्णय निरोपण गर्ने विषय छ, त्यो निश्चित रुपमा न्यायसंगत रहेको छैन। मुद्दा परी पछि धितो बन्धकी राखी ऋण कुनै व्यत्तिले सगोलको सम्पत्ति राखी गर्दछ भन्ने सो ऋण चुक्ता गर्नु पर्ने दायित्व सम्बन्धित पक्षको रहने निश्चित रहेको अवस्थामा विपक्षी मध्येको श्रीयान्सु प्रसाद गुप्ता र श्रीराम प्रसाद साहले प्रस्तुत अंश मुद्दा परी मुद्दा विचाराधीन अवस्थामा रहिरहेको अवस्थामा सगोलको जग्गा धितो बन्धकी राखी ग्लोबल आई एम.ई. बैंक लि. बाट मिति २०७८/७/२३ गते रु.३७,००,०००/- सैतिस लाख रुपैया व्यक्तिगत हिसाबले लिएको देखिन्छ। मैले व्यक्तिगत रुपमा ऋण कर्जा उठाई मैले आफ्ना नाउँमा खरिद गरेको सम्पत्ति सगोल रहेको ठहर गर्नु तर सो सम्पत्ति खरिद गर्न लिएको ऋणलाई विश्वासलायक प्रमाणित नरहेको भन्ने तर्क पनि न्यायसंगत रहेको छैन। मैले स्पष्टरुपमा तायदाती फाँटवारी पेश गर्दा व्यवसाय र व्यवहार गर्न रु.४०,००,०००/- चालिस लाख रुपैया ऋण लिएको भनी उल्लेख गरेकोमा विपक्षीबाट होईन भन्न सकेको अवस्था रहेको छैन। साथै फर्म अडिटिङ्ग समेतबाट रु.४६,५५,५०६।- तिर्नु बाँकी रहेकोमा सोको तिर्नु पर्ने दायित्व सगोलको सबै अंशियारको रहेकोमा सोतर्फ फैसलामा नबोली 'अन्याय भएको प्रष्ट छ।अन्य अंशियारको सहमति नलिई निजी रुपमा ऋण लिई सगोलको सम्पत्ति धितो राखिएको छ भन्ने त्यसको दायित्व सम्बन्धित व्यक्तिको रहेको अवस्थामा सगोलको म मुन्ना प्रसाद साहले सुरज कुमार साहबाट लिएको ऋण कर्जा सगोलको कायम नगरेको गरी कि.नं.१३७८ को मेरो निजी जग्गा रहेकोले निजी कायम गरी ठहर नगरेको ग्लोबल आई एमई बैंक लिमिटेडबाट श्रीयान्सु प्रसाद गुप्ता एवं श्रीराम प्रसाद साहले मुद्दा परेपछि लिएको ऋणको दायित्व निजलाई कायम नगरिएको तथा अडिटिङ्गबाट फछ्र्यौट गर्नु पर्ने रकम सगोलबाट तिर्नु व्यहोर्नु पर्नेमा सो नगरी भएको हदसम्मको सुरु जिल्ला अदालतबाट भएको फैसला बदर गरी इन्साफ प्रदान गरी उल्टी गरी पाउँ भन्ने वादीको पुनरावेदनपत्र।

१२. **यस अदालतको आदेशः-** यसमा प्रतिवादीले मिसिल साथ पेस भएको तायदाती फाँटवारी संस्थागत बैंकको ऋण देखाएको अवस्थामा उक्त ऋण सम्बन्धमा सम्बन्धित बैंकमा बुझी एकिन गरी वण्डा लाग्ने नलाग्ने के-हो, सोतर्फ बोली फैसला गर्नु पर्नेमा सो नगरी सुरु धनुषा जिल्ला अदालतबाट मिति २०८०।११।१३ मा भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा विचारणीय देखिदा मुलुकी देवानी संहिता, २०७४ को दफा २१३(३) को प्रयोजनार्थ प्रत्यर्थी झिकाई हाजिर भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु होला भन्ने यस अदालतको मिति २०८१।४।२७ मा भएको आदेश।

१३. **यस अदालतको आदेशः-** यसमा पुरानो मुद्दा हुँदा देहायका कार्यहरु यथाशिघ्र सम्पन्न गरी लगाउको राखी नियमानुसार पेस गर्नूः-

- वादी प्रतिवादीले नै तायदाती फाँटवारी पेस गर्दा संस्थागत तर्फको एभरेष्ट बैंक लि.र एस.बि.आई.बैंक लि.बाट लिएको भनी देखाइएको ऋण के-कुन प्रयोजनको लागि कसको नाउँमा के-कुन मितिमा कति ऋण लिएको हो? र हाल के कति ऋण तिर्न बाँकी रहेको छ? सोको सम्पूर्ण व्यहोरा खुलाई ऋण लिंदा तयार भएका लिखत र सोसँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि समेत सम्बन्धित बैंकबाट झिकाउनू।
- वादी मुन्ना प्रसाद साह नाउँ दर्ताको कि.नं.१३७८ को जग्गा निजले के-कुन स्रोतबाट प्राप्त गरेको हो? पुनरावेदक वादी मुन्ना प्रसाद साहबाट खुलाउन लगाई स्रोत पुष्टि हुने लिखतको प्रमाणित प्रतिलिपि समेत निजबाट दाखिल गराउनु भन्ने यस अदालतको मिति २०८१।०९।०७ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१४. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता लोचन साह र दिपेन्द्रकुमार साहले वादी मुन्ना प्रसाद साहले स्वआर्जनबाट तथा केही ऋण कर्जा लिई खरिद गरेको कि.नं.१३७८ को जग्गा पैतृक नभई निजले निजी कारोवार र प्रयासबाट खरिद गरेको जग्गा हुँदा उक्त जग्गा अन्य अंशियारहरूलाई बण्डा लगाउन मिल्दैन। प्रतिवादी श्रीराम साहले ग्लोवल आईएमइ बैकबाट ऋण लिदा घरको मुख्य व्यक्ति नभएको, वादी र अन्य अंशियारहरूको मञ्जुरी नलिएकोले उक्त ऋण अरू अंशियारलाई बण्डा लाग्ने होइन, श्रीराम साहको निजी ऋण हो। सबै अंशियारको अलग अलग कारोवार भएको र यस्तो कारोवार मात्र बण्डा हुने तर कारोवार गर्न लिएको ऋण बण्डा नहुने सुरूको फैसला मिलेको छैन। फैसलाबाट अंशियारले अंश पाउने ठहरेको सम्पत्ति बैक तथा वित्तीय संस्थाबाट रोक्का हुँदा सम्बन्धित अंशियारले ऋण तिरिदिएन भने त्यस्तो जग्गा फुकुवा नहुने र अंशियारले कागजी रूपमा मात्र अंश पाउने हुँदा त्यस्तो जग्गा फुकुवा हुनुपर्छ। उल्लिखित आधारमा सुरू फैसला नमिलेकोले उल्टि हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१५. प्रत्यर्थी वादी श्रीराम प्रसाद साहको तर्फबाट उपस्थित वरिष्ठ विद्वान अधिवक्ता चन्द्र कुमार शर्माले वादी प्रतिवादी दुवै पुस्तक व्यापारी हुन्। प्रतिवादीहरू सुचितप्रसाद साह र श्रीराम प्रसाद साहले संयुक्त रूपमा एभरेष्ट बैकबाट ऋण लिनु भएको छ। श्रीजनाकुमारीका नाउँको

पुस्तक पसल पनि रोक्का रहेको छ। प्रतिवादी श्रीराम प्रसाद साह समेतले पेश गरेको सम्पत्ति र ऋण धनको फाँटवारीमा उल्लिखित सम्पत्ति सगोलको सम्पत्ति रहेकोले वादी दाबि बमोजिम सबै अंशियाराई बण्डा लाग्नुपर्छ। निजी आर्जन हुन मुलुकी देवानी संहिता, २०७४ को दफा २५६ बमोजिमको अवस्था प्रमाणित हुनुपर्छ। वादीले तायदाती फाँटवारी पेस गर्दा वा पुनरावेदन गर्दा सोबमोजिमको प्रमाण पेस गर्न सक्नु भएको छैन। प्रतिवादी श्रीयान्सु प्रसाद गुप्ताको नाममा रहेको कि.नं.४०६९ को जग्गा सगोलको नभएकोले अन्य अंशियारलाई बण्डा हुनुपर्ने होईन। प्रतिवादी श्रीरामप्रसाद साहको मञ्जुरी नलिई लिएको ऋण निजलाई बण्डा नलागी जसले लिएको हो, उसैले तिर्नुपर्छ। सबैको ऋण धन मिल्ने गरी गरेको सुरू फैसला मिलेको हुँदा सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१६. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा सुरु अदालतको फैसला मिलेको छ छैन? सुरू फैसलाउपर प्रतिवादीहरूको पुनरावेदन नपरी वादीको मात्र पुनरावेदन परेको देखिदा वादीको जिकिर पुग्न सक्ने हो होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१७. निर्णयतर्फ विचार गर्दा, हामी वादी प्रतिवादीहरु एकासगोलमा रहेका र प्रतिवादीहरुले अंश दिन इन्कार गर्नु भएको र हामी विच अंशवण्डा नभएकोले फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी सगोलको वण्डा गर्नुपर्ने सम्पत्ति र ऋणधनको फाँटवारी लिई सम्पुर्ण सम्पत्तिलाई २ भागको १ भाग गरी उक्त १ भागबाट ५ भागको १ भाग म वादीको नाममा अंश छुट्याई दर्ता गरी चलन समेत चलाई पाउँ भन्ने फिराद दावी रहेको देखिन्छ। वादी र प्रतिवादीले पेश गरेको सम्पत्ति र ऋण धनको फाँटवारीमा उल्लिखित कि.नं. २९०, ११३,४२, ४१५, २६०, १२, १९५, २२३, १९६, ८, ४०१३, ४०६९,१३७८ को जग्गा जमिन तथा सो जग्गा जमिनमा रहेको घर लगायतको भौतिक संरचनाहरु र बा-९-च-८७१ को सवारी साधन समेत सगोलको सम्पत्ति देखिदा मोठ लगायत जग्गाधनी दर्ता श्रेस्ता मिले भिडेमा रोक्का रहे भएको सम्पत्ति फुकुवा भएपश्चात् वादीले २ भागको १ भागबाट ५ भागको १ भाग अंश पाउने ठहऱ्याई सुरु जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई वादी मुन्ना प्रसाद साहको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो। वादीले मुख्य रूपमा कि.नं.१३७८ को जग्गा पैतृक नभई मेरो निजी हुँदा अन्य अंशियारलाई बण्डा लगाउन नहुने, श्रीयान्सु प्रसाद गुप्ताले जग्गा धितो राखी ग्लोवल आइएमइ बैकबाट लिएको ३७ लाख ऋणको दायित्व अन्य अंशियारहरूमा हुन नहुने, मैले लिएको चालिस लाख ऋण र फर्म अडिटिङ्गको तिर्न बाँकी रू ४६,५५,५०६। सगोलको मानी सबैलाई बण्डा लगाउनु पर्ने तथा अन्य अंशियारको सहमति नलिई लिएको ऋण सम्बन्धित अंशियारको कायम हुने फैसलामा उल्लेख नगरेकोले सोबमोजिम गरी पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर देखियो।

१८. धनुषा जिल्ला, बिसविट्टी वडा नं १ कि.नं.१३७८ को जग्गा पैतृक नभई मेरो निजी हुँदा अन्य अंशियारलाई बण्डा लगाउन नहुने भन्ने वादीको पहिलो पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा वादी मुन्ना प्रसाद साह र प्रतिवादी सुजितप्रसाद साहले तायदाती फाँटवारीमा समेत उक्त जग्गा निजले व्यवसाय गरी निजी रूपमा आर्जन गरेको हुँदा निजी आर्जनको कसैको बण्डा नलाग्ने सम्पत्ति हो भनी तायदाती फाँटवारीमा उल्लेख गरेको देखियो। साथै वादी मुन्ना प्रसाद साहले उक्त जग्गा पैत्रिक सम्पत्ति नभई मैले स्वआर्जनबाट तथा केही ऋण

कर्जा लिई खरिद गरेको निजी आर्जनको सम्पत्ति हुँदा अन्यलाई बण्डा नलाग्ने भन्ने पुनरावेदन जिकिर लिएको देखियो। उक्त जग्गा मिति २०७३।१०।५ को पारित राजिनामाबाट अरूणकुमार मिश्रको नामबाट खरिद गरी वादी मुन्नाप्रसाद साहको नाममा आएको भन्ने देखियो।

१९. कुनै व्यक्तिले आफ्नो श्रम वा बौद्धिक क्षमताबाट कुनै सम्पत्ति आर्जन गर्दछ भने त्यस्तो सम्पत्तिलाई निजी आर्जनको सम्पत्ति भनिन्छ। यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा आफ्नो ज्ञान, सिप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति निजी सम्पत्ति मानिने र त्यस्तो सम्पत्ति आफुखुश गर्न पाउने व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा २५६ ले गरेको छ। सोही बमोजिमको व्यवस्था तत्काल प्रचलित मुलुकी ऐन अंशबण्डाको १८ नं ले गरेको देखिन्छ। जबकी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अन्यथा प्रमाणित नभएसम्म एकाघरका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने देखियो। यस्तै सगोलका अंशियारमध्ये जुनसुकै अंशियारको नाममा रहेको भए पनि पख्यौंलीबाट प्राप्त सम्पत्ति, निजी सम्पत्ति बाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति र अंशियारले सगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे बढाएको सम्पत्ति सगोलको सम्पत्ति मानिने मुलुकी देवानी संहिता, २०७४ को दफा २५७ ले व्यवस्था गरेको देखियो। उक्त कानूनी व्यवस्थाको अर्थ निजी रूपमा कमाएको पुष्टि गर्न नसकेको अवस्थामा सगोलका अंशियारले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति सबैको बन्डा लाग्ने भन्ने देखियो। मानो छुट्टिएको मितिसम्म अंशियारहरू सगोलमा रहने हुँदा सो मितिसम्म आर्जित सम्पत्ति सगोलको भई अंशियारहरू विच बन्डा लाग्ने देखियो।

२०. यस सम्बन्धमा सर्वोच्च अदालतबाट "***अंशबन्डाको विषयमा निजी आर्जन हुनको लागि अंशियारमध्ये कसैले एकाघर सगोलको सम्पत्ति प्रयोग नगरी सगोलको सम्पत्ति नमिसाइकन आफ्नै श्रम र सीपबाट कुनै सम्पत्ति आर्जन गरेको छ भने सो सम्पत्तिलाई स्वआर्जन भन्न सकिने हुन्छ। सगोलको अंशबन्डा लाग्ने सम्पत्ति भनी दाबी भएकोमा सगोलको सम्पत्ति होइन अंशबन्डा नलाग्ने निजी आर्जनको सम्पत्ति हो भन्ने पक्षले नै त्यसको सबुद गुजार्नु पर्ने***" भनी रामचन्द्र मिजार विरूद्ध काली मिजारसमेत भएको मुद्दामा व्याख्या भएको छ।[1] मनु थापाविरूद्ध ताराबहादुर थापा भएको अर्को मुद्दामा" ***सगोलमा रहँदा सामूहिक प्रयासबाट आर्जित सम्पत्तिमा सबै अंशियारको अंश भाग लाग्ने देखिने, यदि सम्पत्तिको केही भाग निजी थियो भने पनि त्यसलाई सामूहिक सम्पत्तिमा मिसाइयो भने (blended in common stock) सो सम्पत्तिलाई सबै अंशियारको अंश हक लाग्ने सगोलको सम्पत्ति भनी मान्नुपर्ने हुन्छ। यसरी सगोलको सम्पत्तिमा मिसाइएको अवस्थामा निजी आर्जनको सम्पत्तिले समेत सगोलको सम्पत्तिको स्वरूप धारण गर्ने हुन्छ***[2] भनी व्याख्या भएको छ।

२१. फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्ने आदेशउपर वादी प्रतिवादी दुवैले चित्त बुझाई बसेको देखिएकोले सो अवधिसम्म वादी प्रतिवादीहरू सगोलमा रहे बसेको

---

[1] नेकाप २०७५ पुस. नि,नं १०१०१

[2] नेकाप २०७९ फागुन, निनं १०९७४

भन्ने देखियो। वादीले निजी व्यवसाय र ऋणबाट खरिद गरेको भनेको उक्त कि.नं.१३७८ को जग्गा मानो छुट्टिएको मितिभन्दा अघि खरिद गरेको र निजी आर्जनको भन्ने जिकिर लिए पनि सोको पुष्टि हुने कुनै प्रमाण वादीले पेस गर्न सकेको देखिएन। प्रमाण ऐनको दफा २८ बमोजिम निजी आर्जनको भन्ने जिकिर प्रमाणित गर्ने भार र सगोलको सम्पत्ति होइन भनी अदालतको अनुमान खण्डन गर्ने भार सोही ऐनको दफा २९ बमोजिम वादीमा रहनेमा वादीले सोबमोजिम प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन। पैत्रिक सम्पत्ति र अंशियारहरू सगोलमा रहँदा कमाएको सम्पत्ति सगोलको मानिने उल्लिखित कानूनी व्यवस्था र सर्वोच्च अदालतको उल्लिखित फैसलाको आलोकमा उक्त सम्पत्ति निजी आर्जनको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

२२. प्रतिवादी श्रीयान्सु प्रसाद गुप्ताले मिति २०७८।७।२३ मा ग्लोबल आईएम.ई बैंकबाट रु.३७,००,०००।- कर्जा लिंदा निजको नाउँको सगोलको ललितपुर जिल्ला, धापाखेल वडा नं.१ कि.नं.४०६९ को जग्गा धितो राखेकोमा सो ऋण तिर्ने दायित्व सम्बन्धित ऋणीको भएकोले सोबमोजिम हुनुपर्ने भन्ने वादीको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा उक्त ऋण लिदा सगोलमा रहेको अवस्थामा उक्त मितिमा प्रतिवादी श्रीयान्सु प्रसाद गुप्ताले आफ्नो नाउँको कि.नं.४०६९ को जग्गा धितो राखेकोमा विवाद देखिएन। प्रतिवादी श्रीयान्सु प्रसाद गुप्ताले त्यसरी ऋण लिदा निज घरको मुख्य व्यक्ति नभएको तथा निजले वादीको मञ्जुरी वा सहमति लिएको भन्ने देखिएन। यसर्थ उक्त ऋण वादीलाई बण्डा लाग्ने देखिएन। उक्त जग्गा समेतबाट वादीले अंश पाउने ठहरी सुरू अदालतबाट भएको फैसला सुरू फैसलामा वादी प्रतिवादीले चित्त बुझाएको देखियो। उक्त सम्पत्ति सो बैकबाट रोक्का भई फुकुवा नहुँदा वादीले अंशमा पाएको उक्त सम्पत्ति आफ्नो नाममा दर्ता गर्न र उपभोग गर्न नपाउने अवस्था देखियो। सगोलको सम्पत्तिबाट उक्त जग्गा फुकुवा गर्न वादी समेतको मञ्जुरी नभएको भन्ने देखिएको तथा घरको मुख्यले उक्त सम्पत्ति धितो राखेको भन्ने समेत नदेखिदा यस्तो अवस्थामा मुलुकी देवानी संहिता, २०७४ को दफा २२९ (१) र (२) बमोजिम फुकुवा हुने अवस्था नदेखिदा उपदफा (३) बमोजिम कुनै अंशियारको अंश भागमा परेको सम्पत्ति फुकुवा गराई वा फुकुवा हुने दायित्व हुने गरी अंशबण्डा गरिदिनुपर्ने देखियो। यसर्थ उक्त ऋण तिर्ने दायित्व वादीको नदेखिएकोले वादीको अंश भागमा पर्ने हदसम्म उक्त जग्गा फुकुवा हुनुपर्ने देखिई सो बिषय सुरू फैसलामा उल्लेख नभएकोले सो हदसम्म सुरू फैसला मिलेको देखिएन।

२३. मैले व्यापार व्यवसाय गर्न लिएको चालिस लाख ऋण लिएको भनी तायदाती फाँटवारीमा उल्लेख गरेको र फर्म अडिटिङ्ग समेतबाट ४६,५५,५०६।तिर्न बाँकी रहेकोमा सो ऋण तिर्ने दायित्व सगोलको सबै अंशियारको रहेकोमा सोतर्फ केही नबोलिएको सुरू फैसला मिलेको छैन भन्ने वादीको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा वादीले तायदाती फाँटवारी पेस गर्दा प्रकरण १२ मा सो सम्बन्धमा उल्लेख गरी ज्ञान गंगा एजुकेशनल कम्प्लेक्सको वित्तीय विवरण समेत पेस गरेको देखियो। वादीले लिएको ऋण सगोलको व्यापारको लागि लिएको नभई निजी कामको लागि लिएको भन्ने देखिन्छ। वादीले त्यसरी ऋण लिदाको समयमा वादी घरको मुख्य व्यक्ति रहे भएको भन्ने देखिदैन भने ऋण लिदा

अन्य सगोलका अंशियारहरूको मंजरी वा सहमति लिएको भन्ने समेत नदेखिदा त्यस्तो व्यापार व्यवसायको लागि लिएको निजी ऋण तिर्ने दायित्व अन्य अंशियारलाई रहे भएको देखिएन। तसर्थ यस सम्बन्धमा भएको सुरू फैसला अन्यथा देखिएन।

२४. तसर्थ, माथि विवेचित आधार कारण समेतबाट प्रतिवादी श्रीयान्सु प्रसाद गुप्ताले मिति २०७८।७।२३ मा ग्लोबल आईएमई बैंकबाट रु.३७,००,०००।कर्जा लिंदा निजको नाउँको सगोलको ललितपुर जिल्ला, धापाखेल वडा नं.१ कि.नं.४०६९ को जग्गा धितो राखेकोमा वादीको मन्जुरी लिएको भन्ने नदेखिदा मुलुकी देवानी संहिता, २०७४ को दफा २२९ बमोजिम वादीको अंश हकसम्मको उक्त जग्गा फुकुवा गराई दिनु पर्नेमा सो हदसम्म सुरु फैसला नमिलेकोले केही उल्टी भई वादीको हकसम्म उक्त जग्गा फुकुवा हुने र अन्य विषयका हकमा सुरु फैसला मिलेको देखिदा वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**<u>तपसिल</u>**

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम सुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी भएकोले सुरू फैसलाले राखेको लगत यस फैसलाबमोजिम संशोधन गरी लगत राखी कानूनबमोजिम फैसला कार्यान्वयन गर्नु भनी सुरू अदालतमा लेखी पठाउनू......१
- वादीले अंश पाउने ठहरेको सम्पत्तिको नपुग अदालती शुल्क सुरू अदालतमा नबुझाई मुलुकी देवानी कार्यविधि संहिताको दफा ६५ बमोजिम सुविधा लिएको र यस अदालतमा पुनरावेदन गर्दा चित्त नबुझी पुनरावेदन गर्दा राख्नुपर्ने १५ प्रतिशतले हुने थप दस्तुर समेत बुझाएको नदेखिदा सो दुवै रकम हिसाव गरी फैसला कार्यान्वयनको क्रममा वादीबाट असुलउपर गर्नू .................................................................२
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू...........................३
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु .............. ..........................................................४

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(खेम राज भट्ट
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने***

इजलास अधिकृतः- विश्वराज कुइकेल

टाइप गर्ने :- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल माघ महिना २० गते रोज १ शुभम् ...............................।

प्रमाणीकरंण मितिः- २०८१।१०।२८ न्यायाधीश अदालतको छाप